# ९

*[संवत् २०५६ सालको पुरस्कार 'जगदम्बा-श्री' 'नेपाली शिक्षा परिषद्'लाई र सोही सालको 'मदन पुरस्कार' 'आतिरिक्त अभिलेख' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री दिनेश अधिकारीलाई समर्पण गर्न संवत् २०५७ साल आश्विन १३ गते रोज ६ का दिन आयोजित समारोहमा गुठीका अध्यक्षले गर्नुभएको स्वागत-भाषण। यो भाषण 'नेपाली' त्रैमासिक अङ्क १६४ बाट उद्धृत गरिएको हो।]*

*ॐ असतोमा सद्गमय: तमसोमा ज्योतिर्गमय:*
*मृत्योर्मा अमृतं गमय: ॐ शान्ति: शान्ति: शान्ति:*

वन्धुगण !

मदन पुरस्कार गुठीले आयोजना गरेको यो बयालीसौं पुरस्कार समारोहमा म तपाईंहरूको हार्दिक स्वागत गर्दछु र हाम्रो यस समारोहका कारण भएका दुई आत्माको स्मरण गराउँदछु। स्वर्गीय लेफ्टिनेन्ट जनरल मदनशमशेर र रानी जगदम्वालाई एकपटक सम्झेर हामी आजको कार्यारम्भ गरौं।

मदन पुरस्कार गुठी स्थापना भएको ४५ वर्ष भयो र पुरस्कार वितरण गर्न थालेको पनि ४४ वर्ष पुगिसक्यो; तर २०३१ र ३३ सालका पुरस्कार कसैलाई दिन सकिएन र समारोह नै भएनन्; त्यसैले आजको यो समारोह बयालीसौं भएको हो। हामीले यी ४४ वर्षमा ५६ जनालाई सम्मानित गर्न पाएका छौं; अनि यी मदन पुरस्कार-अङ्कित नाङ्लीहरू पनि ५६ घर पुगेका छन्। कसैकसैका घरमा यी नाङ्लीहरू दुईओटा र कसैकहाँ तीनोटासम्म पनि भित्रिएका छन्। त्यस हिसाबले आजसम्म ५८ ओटा नाङ्लीमा हामीले कपूरको बत्ती बाली आरती-साँवली गर्न पाएछौं भनौं। यो 'मदन पुरस्कार'को कुरा भयो। पुरस्कार 'जगदम्बा-श्री'का किस्तीहरूचाहिँ आजको समेत गरी पूरै एक दर्जन भएछन्। मैले हाम्रो यो पुस्तिका अध्ययन गर्दा आज फुरेका कुराहरू हुन् यी मेरा। यी तथ्याङ्कको आफैँमा कुनै महत्त्व छैन, तर मलाई गौरवबोध भयो- हामीले यी गएका ४५ वर्षमा एकहत्तर जना गुणी र विद्वान्हरूको अभ्यर्चना गर्न भ्याएछौं भन्ने गुन्दा।

यो तथ्याङ्क दिने काम मेरो थिएन सचिवज्यूको थियो। मैले अनधिकृत क्षेत्रमा पाइलो हालें– गीतामा भगवान्‌ले भन्नुभएको छ– "परधर्मो भयावह" त्यसैले म आफ्नै कामतिर लाग्छु ।

तथ्याङ्कबाट पुन: स्वागततिर लागूँ । आजका हाम्रा दुई ब्यौलाहरू (हाम्रो परम्परामा यस समारोहमा लैङ्गिक विभेद छैन, हाम्रा पुरस्कारबाट सम्मानित हुने सबैलाई हामी ब्यौला भन्छौं ।) त हाम्रा ब्यौलाहरूलाई म सर्वप्रथम स्वागत जनाउँछु। तपाइंहरू दुई जना नभइदिएको भए त हाम्रो यो समारोह नै हुने थिएन– २०३१ सालमा जस्तै । त्यसैले म तपाईंहरूलाई सधन्यवाद स्वागत गर्दछु ।

नेपाली शिक्षा परिषद्‌ले गरेको नेपाली भाषाको सेवा अवर्णनीय छ । यस्ता पुरस्कार एकदोटा थमाएर त्यस संस्थाको ऋण तिरिंदैन। भए पनि, जसरी एउटा सानो दीयो "मैले सकेको जति म गर्छु" भन्छ रे साँझ परेपछि; हामीले गरेको पनि त्यत्ति हो भन्ने ठानियोस् । यस अवसरमा नेपाली शिक्षा परिषद्‌का संस्थापक, मेरा गुरु 'मास्टरबाजे' गोपाल पाण्डे 'असीम' को छवि आइरहेछ मेरो स्मृतिपटलमा र नेपाली शिक्षा परिषद्‌लाई यसरी सम्मान गरेर आज गुठीले स्व. 'असीम' लाई नै श्रद्धासुमन चढाएको हो भन्न मन लागेको छ मलाई। योग्य पिताकी योग्य पुत्री, परिषद्‌का सदस्य-सचिव, रमाजी, तपाईंलाई म स्वागत गर्दछु ।

दिनेश अधिकारीज्यू, तपाईंको काव्यकारितालाई यसअघि पनि सम्मान गर्न गुठीले खोजेको हो । त्यसबेला सकिएको थिएन, ऐले सकियो र हामीलाई सन्तोष लागेको छ। तपाईंलाई स्वागत छ ।

बडागुरुज्यू श्री केशरीराज पाण्डेज्यूमा म श्रद्धापूर्वक स्वागत अभिवादन गर्दछु। हजुरको आगमनले हाम्रो सम्मान भएको छ ।

मदन पुरस्कार परिवार भन्छौं हामी। एउटा ठूलो समूह छ त्यसमा । हाम्रो पुस्तिकामा नाम चढेकाहरू- पुरस्कारद्वारा सम्मानित हुनेहरू, विद्वद्‌वृत्ति पाउनेहरू, गुठीका सदस्यहरू र गुठीका सिटमा डाक्टरी पढ्न जानेहरू- सबै हाम्रा गुठी-परिवारका व्यक्तिहरू हुनुहुन्छ। म हाम्रो गुठी-परिवारका जति जना आज उपस्थित हुन सक्नुभएको छ तपाईंहरू सबैलाई स्वागत ज्ञापन गर्दछु ।

नेपाली भाषासाहित्यका अनगिन्ती कवि-लेखक साहित्यिकहरूका प्रतिनिधिस्वरूप यहाँ हामीले निम्त्याई आसन दिन सकेका विद्वान्-विदुषीहरूमा पनि म विनम्रतापूर्वक स्वागत निवेदन गर्दछु । तपाईंहरू आइदिंदा हाम्रो गरिमा बढेको छ । तपाईंहरूलाई स्वागत छ ।

जय होस् !

⊠ ⊠ ⊠